नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति
Central Committee
सञ्चारग्राम, काठमाडौं
Federation of Nepali Journalists

मिति : २०७५/९/१६

# सन् २०१८ मा नेपाली प्रेस स्वतन्त्रताको अवस्था

सन् २०१८ पनि नेपाल प्रेस जगतका लागि चुनौतिपूर्ण वर्ष रहेको छ । नेपाल पत्रकार महासंघको सञ्चार अनुगमन ईकाइका अनुसार यो वर्ष ५८ वटा प्रेस स्वतन्त्रता हननका घटनाहरु भएका छन् । सन् २०१७ मा प्रेस स्वतन्त्रता हननका ७३ वटा घटनाहरु अभिलेख भएका थिए । तुलनात्मक रुपमा यो बर्ष प्रेस स्वतन्त्रता हननका घटनाहरुमा कमि आएको भएतापनि कानुनी रुपमा यो बर्ष चुनौतिपूर्ण बन्यो ।

यसै वर्ष भदौ १ गतेदेखि लागू गरिएको मुलुकी फौजदारी र देवानी संहितामा भएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी केही प्रावधानले गर्दा यो वर्ष नेपाली प्रेस जगतका लागि चुनौतीपूर्ण बनेको हो । महासंघले मुलुकी फौजदारी र देवानी संहितामा भएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी प्रावधान सच्चाउनका लागि विभिन्न दबाबमूलक अभियान नै सञ्चालन गरेको थियो ।

सन् २०१८ मा १५ जना पत्रकारमाथि आक्रमण भएको छ भने १३ जना पत्रकारलाई धम्की दिइएको छ । महासंघको अनुगन इकाइमा अभिलेख भएअनुसार समाचारको विषयलाई लिएर पत्रकारमाथि आक्रमण र धम्की दिने काम भएको थियो । यस्तै यो अवधिमा १२ जना पत्रकारलाई समाचार संकलनका क्रममा वा समाचार छापेको निहुँमा दुर्व्यवहार गरियो भने पत्रकारलाई समाचार संकलनका क्रममा अवरोध पुऱ्याइएका ६ वटा घटना रहेका छन् ।

पत्रकारको संस्था तथा पत्रपत्रिका कब्जा गरिएका ४ वटा घटना अभिलेख भएका छन् भने नीतिगत बन्देजको एउटा घटना रहेको छ । त्यसैगरि एक जना पत्रकार वेपत्ता भएका छन् । नेपाल पत्रकार महासंघ डोटी शाखाका सदस्य एवं बाजुरास्थित रेडियो बुढीनन्दामा कार्यरत पत्रकार तेजबहादुर खड्का २०७५ भाद्र १० गते करिव १४ हजार फिट उचाइमा रहेको बाजुरास्थित बुढीनन्दा तिर्थस्थलबाट फर्किने क्रममा सम्पर्कविहीन भएका हुन ।

त्यसैगरी यो अवधिमा ६ जना पत्रकार पक्राउ परेका छन् । अनुगमन इकाका अनुसार पक्राउ परेकामध्ये राजु बस्नेत, एन्जीला सापकोटा, गोपाल चन्द्र लगायतका पत्रकारलाई प्रहरीले समाचार लेखेकै आधारमा पक्राउ गरी आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर गई विद्युतीय कारोबार ऐन, २०६३ अर्न्तगत मुद्दा चलाएको थियो । प्रकाशित तथा प्रसारित समाचारका सम्बन्धमा चित्त नबुझे उजुरी गर्ने संस्था प्रेस काउन्सिल रहेको छ ।

राष्ट्रपतिको कार्यालयमा हुने कार्यक्रम, विभिन्न भिइआइपिको आगमनका क्रममा तथा संसदिय समितिहरुको बैठकमा पत्रकारलाई समाचार संकलनमा बञ्चित गरिने

# नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं


काम भएको छ भने जनप्रतिनिधिहरुबाट पनि पत्रकारलाई दुर्व्यवहार, धम्की र आक्रमण समेत भएको अभिलेख छ ।

नेपाल पत्रकार महासंघले प्रेस स्वतन्त्रता विरोधी यी सबैखाले घटनाको कडा भर्त्सना गर्दै संविधानले दिएको पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति दिलाउन सरकारसंग माग गर्दछ ।

**सन् २०१८ मा प्रेस स्वतन्त्रता हननका घटनाहरु निम्न रहेका छन् ।**

| **क.स** | **घटना प्रकृति** | **घटना संख्या** |
|---|---|---|
| १ | पत्रकार आक्रमण | १५ |
| २ | धम्की | १३ |
| ३ | दुर्व्यवहार | १२ |
| ४ | पत्रकार पक्राउ | ६ |
| ५ | समाचार संकलनमा अवरोध | ६ |
| ६ | नितिगत बन्देज | १ |
| ७ | सञ्चार संस्था तथा पत्रपत्रिका कब्जा | ४ |
| ८ | पत्रकार वेपत्ता | १ |
| **कुल घटना** | | **५८** |

*स्रोत : नेपाल पत्रकार महासंघ , सञ्चार अनुगमन ईकाइ*

**रेमबहादुर विश्वकर्मा**
**सचिव तथा प्रेस स्वतन्त्रता अनुगमन समिति**


फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org